## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी जर्मनीस्थित फ्रेण्ड्स अफ नेपाल सोसाइटीले त्रि.वि. प्राकृतिक विज्ञान संग्रहालयलाई उपहार स्वरूप उपलब्ध गराएको डी. एम. ४६०.०० मूल्य पर्ने टेलिफ्याक्स मेशिनको पैठारीमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव

श्री ५ को सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

### गुम्बा व्यवस्था तथा विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४८

गुम्बा व्यवस्था तथा विकास समिति (गठन) आदेश, २०४५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– १.१ यस आदेशको नाम "गुम्बा व्यवस्था तथा विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४८" रहेको छ ।

१.२. यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. गुम्बा व्यवस्था तथा विकास समिति (गठन) आदेश, २०४५ को दफा ४ मा संशोधनः– गुम्बा व्यवस्था तथा विकास समिति (गठन) आदेश, २०४५ (यसपछि "मूल आदेश" भनिएको) को दफा ४ को उप-दफा ४.२.१. को सट्टा देहायको उप-दफा ४.२.१. राखिएको छः–

"४.२.१. श्री ५ को सरकारबाट भएका गुम्बा र लामासम्बन्धी निर्देशन कार्यान्वयन गर्ने"

३. मूल आदेशको दफा ३ मा संशोधनः– मूल आदेशको दफा ३ को उप-दफा ३.२.६. को सट्टा देहायको ३.२.६. राखिएको छः–

"३.२.६. प्रतिनिधि, स्थानीय विकास मन्त्रालय– सदस्य"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
262

४. मूल आदेशको दफा १० मा संशोधनः– मूल आदेशको दफा १० मा रहेको "पञ्चायत तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
पद्मराज सुवेदी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना १

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चलको सोलु-खुम्बु जिल्ला र कोशी अञ्चलको संखुवासभा जिल्लाको देहायबमोजिम चार किल्ला भित्रको क्षेत्रलाई मकालु वरूण राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र घोषित गरेको छ ।

मकालु-वरूण राष्ट्रिय निकुञ्जको चार किल्लाः

१. उत्तरः–

पेथाङ्गत्से (जहाँ सगरमाथा राष्ट्रिय निकुञ्जको उत्तर पूर्व सिमाना टुङ्गिन्छ) बाट पूर्वतर्फ नेपाल-तिब्बत (चीनको स्वशासित क्षेत्र) बीचको अन्तरराष्ट्रिय सिमानै सिमाना हुँदै पूर्व पोप्ती भन्ज्याङ (४३० मि.) को पश्चिमपट्टिको उच्च भागसम्म ।

२. पूर्वः–

पोप्ती भन्ज्याङदेखि शुरु भई ठूलो र सानो वुम ठाकको श्रृङखलै श्रृङखला हुँदै हटिया गाँउको पश्चिममा पर्ने मीसेरेक र सेरेकको धारैधार भई सिम्पुङ गाउँको पश्चिमी किनारा हुँदै अरूण-वरूणको दोभानसम्म ।

३. दक्षिणः–

अरूण-वरूण दोभानबाट उत्तर पश्चिम हुँदै हिन्जुसम्म । हिन्जुबाट वरूण खोलाको जलाधार र वाङ र नेमु खोलाको जलाधारलाई छुट्याउने डाँडाको धार हुँदै नेमु खोलाको शिरसम्म । नेमु खोलाको शिरबाट लगातार दक्षिण पूर्वतर्फको डाँडाको धार पछ्याउँदै कसुवा खोलाको करिव २००० मिटरको उचाइसम्म । कसुवा खोलाबाट यसले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिमी श्रृङखला हुँदै टासि गाउँको माथिको उच्च विन्दुसम्म । त्यहाँबाट तलतिर झर्दै नुरबु गाउँको उत्तरपट्टि डसुवा खोलासम्म । त्यसपछि यसले नुरबु गाउँको माथिको उत्तरपट्टिको डाँडाको धारलाई पछ्याउँदै पताकारे डाँडासम्म र फेरी यो पताकारेको डाँडाको शिरैशिर दक्षिणतर्फ माछे खोला (अपसुवा खोलाको शाखा खोला) को मुहानसम्म । त्यसपछि सिमाना फेरी माछे खोलालाई पछ्याउँदै अपसुवा खोलासम्म । त्यसपछि अपसुवा खोलै खोला उत्तरतर्फ दावाताक गाउँ नजीक २००० मि.को उचाईसम्म। त्यसपछि दावाताक र गोङथाला गाउँदेखि उत्तरतर्फको डाँडाको श्रृङखलै श्रृङखला हुँदै ससिमा (हलेङखर्क) गाउँलाई भित्र पारी चाङग्रे डाँडा (खोङलुवा खोलाको जलाधार) सम्म। चाङग्रेबाट लगातार रूपले सीमा रेखा याचपखा र शिवदिङ गाउँदेखि उत्तरतर्फ रहेको खोरिया आवादीको सिरानै सिरान हुँदै संखुवा खोला पारी धर्मशाला खर्क हुँदै केन्पा खर्कको वतासे डाँडा (४५०० मि.) सम्म । केन्पा खर्कबाट पश्चिमतर्फ झर्ने डाँडाको धार पछ्याउँदै मुदी खर्क मुनीपट्टि पर्ने होङगु खोलासम्म ।

४. पश्चिमः–

मादी खर्कबाट पश्चिम र उत्तर पश्चिम हुँदै पाँच पोखरी (मुनीलो) सम्म पाँच पोखरीबाट पश्चिमतर्फ चेरेम गाउँदेखि उत्तर-पश्चिम ईन्खु खोलासम्म । त्यहाँबाट उत्तर पश्चिम हुँदै लुक्ला माथि जतर्वा भन्ज्याङसम्म । जतर्वाबाट कालो हिमाल र कुसुम्खाङको शिखर हुँदै मन्जु खोलाको मुहानसम्म । त्यहाँबाट उत्तरतर्फ सगरमाथा राष्ट्रिय निकुञ्जको पूर्वा सिमानै सिमाना हुँदै फेताङचे हिमालसम्म ।

## सूचना २

### मकालु–वरूण संरक्षण क्षेत्रको चार किल्लाः

१. पूर्वः–

अरूण खोलाको शिर (नेपाल–चीनको अन्तरराष्ट्रिय सिमाना) बाट शुरु भई अरूण खोलै खोला हुँदै संखुवा खोला र अरूण खोलाको दोभानसम्म ।

२. दक्षिणः–

संखुवा खोला र अरूण खोलाको दोभानबाट पश्चिमतर्फ साउने डाँडाको शिरै शिर वुकुरखोलाको (होङगु खोलाको शाखा) सिरानसम्म । त्यहाँबाट वुकुर खोलै खोला हुँदै होङगु र वुकुर खोलाको दोभान हुँदै दक्षिणतर्फ होङगु खोलै खोला वुङग गाउँको फेदीसम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८४

३. पश्चिमः–

होङगु खोला (बुङग गाउँको फेदी) बाट बुङग गाउँको पश्चिमपट्टिको डाँडाको धारैधार सुर्केलासम्म । सुर्केलाबाट चेरेम गाउँको सिरान हुँदै हिङकु खोलासम्म ।

४. उत्तरः–

अरूण–वरूण दोभानबाट उत्तर पश्चिम हुँदै हिन्जुसम्म । हिन्जुबाट वरूण खोलाको जलाधार र वाङ र नेमु खोलाको जलाधारलाई छुट्याउने डाँडाको धार हुँदै नेमु खोलाको शिरसम्म । नेमु खोलाको शिरबाट लगातार दक्षिण पूर्व तर्फको डाँडाको धार पछ्याउँदै कसुवा खोलाको करिब २००० मिटरको उचाइ-सम्म । कसुवा खोलाबाट यसले पश्चिमी शृङखला हुँदै टासि गाउँको माथिको उच्च विन्दुसम्म । त्यहाँबाट तलतिर झर्दै नुरबु गाउँको उत्तरपट्टि इसुवा खोलासम्म । त्यसपछि यसले नुरबु गाउँको माथिको उत्तरपट्टिको डाँडाको धारलाई पछ्याउँदै पताकारे डाँडासम्म र फेरी यो पताकरेको डाँडाको शिरै शिर दक्षिणतर्फ माछे खोला (अपसुवा खोलाको शाखा खोला) को मुहानसम्म । त्यसपछि सिमाना फेरी माछे खोलालाई पछ्याउँदै अपसुवा खोलासम्म । त्यसपछि अपसुवा खोलै खोला उत्तरतर्फ हुँदै दावाताक गाउँ नजीक २००० मी. सम्म । त्यसपछि दावाताक र गोङथाला गाउँ देखि उत्तरतर्फको डाँडाको शृङखलै शृङखला हुँदै ससिमा (हलेङखर्क) गाउँलाई बाहिर पारी चाङग्रे डाँडा (खोङलुवा खोलाको जलाधार) सम्म । चाङग्रेबाट लगातार रूपले सीमा रेखा याचमखा र शिवदिङ गाउँदेखि उत्तर-तर्फ रहेको खोरिया आवादीको शिरानै शिरान हुँदै संखुवा खोला पारी धर्मशाला खर्क हुँदै केन्पा खर्कको वतासे डाँडा (४५०० मि.) सम्म । केन्पा खर्कबाट पश्चिम तर्फ झर्ने डाँडाको धार पछ्याउँदै मुवी खर्क मुनिपट्टि पर्ने होङगु खोलासम्म ।

आज्ञाले,
ववनप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262